# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५ ] काठमाडौं, मंसीर २६ गते २०३२ साल [ अतिरिक्ताङ्क ४०


**श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय**

**राजदरबार**

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट २०३२ साल मंसीर २६ गते नेपालको संविधान (दोस्रो संशोधन), २०३२ जारी गरिबक्सँदा राष्ट्रका नाममा बक्सेको शाही घोषणा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

# शाही घोषणा

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 292

प्यारा प्रजाहरू,

हाम्रो राज्यारोहणपछि हामीबाट समय-समयमा दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको वास्तविक लक्ष्य हासिल गर्न संविधानमा समयानुकूल सुधार गरिने संभाव्यताबारे उल्लेख गरिबक्सेकै थियौं। यस सन्दर्भमा गत वर्ष पौष १ गते पञ्चायत व्यवस्थाका मौलिक सिद्धान्तहरूलाई कायमै राखी जन-आकांक्षा अनुरूप पञ्चहरूलाई बढी सक्रिय तुल्याई व्यवस्था सञ्चालन गर्न के कस्तो संवैधानिक व्यवस्था गर्नु समयानुकूल होला, यस विषयमा आवश्यक विचार र विमर्श गरी सिफारिश तयार पार्न एउटा आयोग गठन गर्ने कुराको घोषणा गरिबक्सेका थियौं। तदनुरूप २०३१ साल माघ २७ गते हामीबाट गठन गरिबक्सेको संविधान सुधार सुझाव आयोगले पेश गरेको सिफारिश र नेपालको संविधानको धारा ८२ बमोजिमको विशेष समितिको सल्लाह र सम्मतिबाट आजका मितिमा नेपालको संविधान (दोस्रो संशोधन), २०३२ जारी गरिबक्सेका छौं।

आजको विश्वको राजनैतिक गतिविधि नियाली हेर्दा के कुरा देखापर्छ भने धनी देशहरू आफ्नो सम्पन्नतालाई कायम राख्न खोज्दछन् भने, निर्धन र विकासोन्मुख देशहरू आफ्नो आर्थिक स्थितिलाई सकेसम्म चाँडो माथि उठाउन खोज्छन्। कारण, तीव्र गतिले आर्थिक विकास गरी सामान्य जनताको जीवनस्तर माथि उठाउन नसकेमा तेस्रो विश्वका विकासोन्मुख मुलुकहरूलाई आफ्नो राष्ट्रिय अस्तित्व जोगाउन पनि गाह्रो हुन्छ। हाम्रो जस्तो विकासोन्मुख राष्ट्रले दृढ राजनैतिक ढाँचा र खँदिलो अठोटबिना यस्ता समस्याहरूको समाधान गर्न सक्ने कुरा होइन। दृढ राजनैतिक ढाँचाका लागि आर्थिक, सामाजिक र राजनैतिक क्षेत्रमा कडा अनुशासन र संयमको खाँचो पर्दछ। यस सन्दर्भमा, व्यवस्थाको मान्यता अनुरूप राजनैतिक पद्धतिको उचित रूपमा विकास गराई पञ्चहरूलाई बढी अनुशासित, सुसंगठित र जनमुखी बनाउन आवश्यक हुन्छ। त्यसैले हाम्रो राष्ट्रिय अर्थ व्यवस्थालाई दिगो पार्न देशभित्र राष्ट्रिय एकतालाई बलियो पार्दै सम्पूर्ण जनतालाई निस्क्रियताबाट क्रियाशीलता र राजनैतिक उच्छृङ्खलताबाट अनुशासन र संयमको बाटोतिर अग्रसर गराउनु वाञ्छनीय हुन आएको छ। यसरी सबै नेपालीलाई राष्ट्रनिर्माणमा संगठित पारी निर्दिष्ट दिशातिर परिचालन गर्न सक्ने र विकासको फल न्यायोचित ढङ्गबाट अधिकांश जनताले उपभोग गर्न पाउने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्था गर्नुपर्ने कुरा निर्विवाद छ। वर्तमान संशोधनले यो कुराको समेत व्यवस्था गरको छ भन्ने हाम्रो धारणा छ।

अर्को कुरा, एक-दुई दशकअघि विश्वका धेरैजसो मुलुकहरूका साम राष्ट्रिय र व्यक्तिगत स्वतन्त्रता प्राप्त गर्ने मुख्य प्रश्न थियो भने, आजको अवस्थामा राजनैतिक नारा मात्र दिइनु खोक्रो आदर्श भइसकेको छ। हाम्रो मुलुकमा पञ्चायत व्यवस्थाको सूत्रपात भएपछि पनि विभिन्न तहका पञ्चहरूमा अन्तर्मुखी प्रवृत्ति र उछृङ्खलताले प्रश्रय पाइरहेकोले त्यस्तो व्यक्तिवादी प्रवृत्तिभन्दा समुदाय र समाजप्रति नै बढी जिम्मेवारी हुनुपर्ने आवश्यकता परेको कुरालाई समेत ध्यानमा राखी यो संशोधन गरिएको छ।

पञ्चहरू निस्क्रियताबाट सक्रिय होऊन्, उच्छृङ्खलताबाट अनुशासित र मर्यादित बनून्, नैतिक र चरित्रवान् हुनुको साथै शक्तिभन्दा सेवाको भावनाले प्रेरित होऊन् भन्ने धारणाले यी संशोधनहरू लागू गरिएका छन्। पञ्चहरूको व्यक्तित्व विकसित होस्, कर्मठ र ईमानदार पञ्च अगाडि बढून्, वास्तविक जनसेवा र ठोस योगदानकै आधारमा कार्यकर्ताको मूल्याङ्कन होस् र हाम्रो समस्त राष्ट्रिय शक्तिलाई निर्माण तथा विकासतर्फ लगाउन सकियोस् भन्ने अभिप्रायले पनि यस संशोधनमा गाउँफर्क राष्ट्रिय अभियानको व्यवस्थालाई संवैधानिक बनाइएको छ।

देशविकासका लागि विभिन्न निकायहरूमा जन-प्रतिनिधिहरूलाई शरीक गराएर मात्र नपुग्ने भई जन-सहभागलाई बढी प्रोत्साहित गर्नु परेको छ। विकासकार्यक्रमलाई पञ्चायतको माध्यमबाट जनसमक्ष पुऱ्याउने दायित्व अब नयाँ गठन हुने वर्गीय संगठनहरूमा रहनेछ। पञ्चायतका संगठनहरूमा समावेश गरिएका यी वर्गीय संगठनहरू अब मुख्य रूपमा गाउँ, नगर र जिल्लास्तरमा संगठित हुनेछन् तथा यिनीहरूले योजनाको पक्षमा जनचेतना जागृत गराई जनमत परिचालन गर्नेछन्। त्यस्तै, निर्वाचनको कामकाजमा धेरै समयसम्म अलमलिन नपरोस् भन्ने उद्देश्यले चौधै अञ्चलहरूलाई चार समूहमा विभाजन गरी प्रत्येक समूहमा पालैपालो चार वर्षमा एकै पटक तलदेखि माथिसम्म सबै तहको निर्वाचन हुने नयाँ व्यवस्था गरिएको छ। साथै राष्ट्रको सर्वोच्च विधायिकामा जिल्लाबाट बढी से बढी जनप्रतिनिधित्व गराउन राष्ट्रिय पञ्चायतको सदस्यसंख्यामा वृद्धि गरिएको छ। अब राष्ट्रिय पञ्चायतको लागि हुने निर्वाचनमा सम्वन्धित जिल्ला सभाका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। ३१५

सदस्यहरूले पनि मतदान गर्न पाउनेछन् । निर्वाचित सदस्यहरूमा आफ्नो देश र जिल्लावासीप्रतिको जिम्मेवारी बिर्सने प्रवृत्ति सिर्जना हुन नपाओस् भन्ने कुरालाई ध्यानमा राखी निजहरूलाई फिर्ता बोलाउन सकिने व्यवस्था पनि गरिएको छ । कुनै पनि राष्ट्रसेवकले आफ्नो ओहदाको आडमा अधिकारको दुरुपयोग गरी भ्रष्टाचार गर्न नपाओस् भन्ने अभिप्रायले एक अख्तियार दुरुपयोग निवारण आयोगको पनि संविधानमा व्यवस्था गरिएको छ । यसका अतिरिक्त जनताको सुविधालाई ध्यानमा राखी केही अञ्चल र जिल्लाको सीमाङ्कन तथा विभाजन वैज्ञानिक दृष्टिकोणले समेत केही हेरफेर गरिएको छ ।

देशविकासको निम्ति आन्तरिक स्थिरताको जति खाँचो छ, हाम्रो निम्ति हाम्रो महाद्वीप र खासगरी एशियाको यस क्षेत्रमाशान्ति कायम राख्नु पर्ने कुराको पनि त्यत्तिकै आवश्यकता छ । शान्तिलाई खलबल्याउने संकेतहरू बेलाबेलामा नदेखिएका होइनन् । कहीं कतै हाम्रै भेकतिर कुनै कारणवश शान्ति खलबलिन गएमा त्यसको वास्तविक परिणाम के कस्तो हुन सक्छ–यो कुरा हामीले भन्नु परोइन जस्तो लाग्छ ।त्यसैले नेपाललाई शान्ति क्षेत्र बनाउन प्रस्ताव गरेका हौं । दक्षिण एशियामा शान्ति र स्थिरता कायम राख्ने काममा आर्थिक दृष्टिकोणले दरिलो र आत्मसुरक्षा गर्न सक्ने नेपाल आफ्नो निम्ति मात्र होइन, छिमेकीहरूको निम्ति समेत सहयोगी बन्न सक्ने कुरा निर्विवाद छ । यसै कारणले पनि हामी सबै नेपाली सधैं सतर्क रही आपसी मतभेदलाई बिर्सी, राष्ट्रिय एकतामा आबद्ध भई, शान्ति र विकासको लागि कार्यरत रहनुपर्नेतर्फ सबैको ध्यान आकर्षित गर्न चाहन्छौं ।

हालको संशोधनमा यी नै तथ्यलाई समेत ध्यानमा राखी बढी अनुशासन, संयम र राष्ट्रिय एकतातिर सबै नेपालीलाई अघि बढाउने वातावरण तयार पार्न विशेष ध्यान दिइएको छ । जुनसुकै सुधारको पनि उपादेयता त्यसको सफल कार्यान्वयनमा भर पर्दछ । हामीलाई आशा छ– पञ्च कार्यकर्ता लगायत समस्त देशवासीहरूका साथै गाउँफर्क राष्ट्रिय अभियान समेत सबैले सदाको झैं सुधारको लक्ष्य अनुरूप सफल कार्यान्वयनतर्फ विशेष ध्यान दिनेछन् ।

अन्तमा, पञ्चायत व्यवस्थाले नेपाली मात्रलाई आफ्नो र देशको भलो गर्ने समान अवसर प्रदान गरेको तथ्यलाई बुझी यस व्यवस्थाले वर्ग-सामञ्जस्यको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आधारमा शोषणरहित समाज स्थापना गर्ने निर्दिष्ट लक्ष्य लिएको मर्मलाई हृदयङ्गम गरी देशविकासको अभियानमा अगाडि बढ्न हामीबाट विशेष जोड दिइबक्सेका छौं । यस संविधान सुधारकार्यमा लागेका सबै हाम्रा धन्यवादका पात्र छन् ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

जय नेपाल !

राजदरबार,
काठमाडौं, नेपाल।
विक्रम संवत् २०३२ साल मंसीर २६ गते रोज ६।

हुकुमबक्सेबमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।